# जिल्ला सरकारी वकील कार्यालय
## कास्की

पत्र संख्याः- ०७६।०७७
चलानी नं.- १६२४

मितिः २०७६।१२।०७

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रहरी कार्यालय कास्की ।
श्री इलाका प्रहरी कार्यालय हंशपुर कास्की ।
श्री वडा प्रहरी कार्यालय, वैदाम, कास्की ।
श्री वडा प्रहरी कार्यालय रामबजार कास्की ।
श्री वडा प्रहरी कार्यालय बगर कास्की ।

उपरोक्त सम्बन्धमा मिति २०७६।१२।०६ मा माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयको बुँदा नं. १, २ र ३ को प्रभावकारी कार्यान्वयन गर्नु गराउनुहुन भनी महान्यायाधिवक्ताको कार्यालयको च.नं. १३२४ मिति २०७६।१२।०७ को पत्रबाट लेखी आएकोले सोही बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनुहुन प्राप्त निर्णयको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ
श्री महान्यायाधिवक्ताको कार्यालय सिंहदरबार काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय पोखरा ।

२०७६।१२।०७

.................................
गुरु प्रसाद वाग्ले
जिल्ला न्यायधिवक्ता

# महान्यायाधिवक्ताको कार्यालय

प्रशासन

(.................................................. शाखा)

पत्र संख्या २०७६/७७

चलानी नं. :- १३२४

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/१२/०७

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं।
श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा मिति २०७६/१२/०६ मा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयको प्रतिलिपि यसै साथ संलग्न छ। उक्त निर्णयको बुँदा नं. १, २ र ३ को प्रभावकारी कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

२०७६।१२।०६

हरिहर तिमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्र.docx

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

निर्णयहरु

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ तथा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २१ अनुसार अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई कसूरको गम्भीरता र संवेदनशीलता एवम् निजलाई लागेको आरोपको प्रकृतिसमेतलाई विचार गरी धरौटी लिने वा हाजिर जमानीमा छाड्ने वा तारिखमा राख्ने गरी तत्काल कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायहरु र सरकारी वकील कार्यालयहरुलाई निर्देशिन दिन महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने ।

२. फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २५ अनुसार अपराध अनुसन्धानको क्रममा कसूरको गम्भीरता र संवेदनशीलता एवम् निजलाई लागेको आरोपको प्रकृतिसमेतलाई विचार गरी शंकित व्यक्तिलाइ पक्राउ नगरी अनुसन्धान गर्ने व्यवस्था कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायहरु र सरकारी वकील कार्यालयहरुलाई निर्देशिन दिन महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र अनुसन्धान गर्ने निकायका सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने ।

३. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७(१)(क) को दिशान्तर सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायलाई निर्देशन दिन प्रहरी प्रधान कार्यालय र सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाउने । सोही ऐनको दफा २७(१)(ख) बमोजिमको दिशान्तर सम्बन्धी व्यवस्था अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने ।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसार कैद वापत रकम लिई कैदबाट छाडिदिन सक्ने व्यवस्थाको कार्यान्वयनका लागि, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अनुसार बालसुधार गृहमा रहेका बालबालिकाहरुलाई भएको सजाय स्थगन गर्न सकिने व्यवस्था कार्यान्वयनका लागि र सोही ऐनको दफा २७(१)(ग) को दिशान्तर सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नका लागि आवश्यक प्रबन्ध गर्न सम्मानीत सर्वोच्च अदालत र केन्द्रीय बाल न्याय समितिलाई अनुरोध गर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ अनुसार अदालतबाट फैसला भई सजाय ठेकिएका व्यक्तिका हकमा सजाय माफी दिने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न

सो संहिताको दफा १९७ (१)(छ) बमोजिम निर्देशिका समेत तत्काल जारी गरी लागू गर्न आवश्यक प्रबन्ध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ अनुसार कैद कट्टा हुन सक्ने कानूनी व्यवस्था तत्काल कार्यान्वयन गर्न र सो सम्बन्धी कानूनी व्यवस्थामा सुधार गर्न प्राथमिकतापूर्वक प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई लेखी पठाउने ।

७. जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ को व्यवस्था र सोको कार्यान्वयनका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट नरध्वज गुरुङको रिट (नि.नं. ९९९८), हिमालयभक्त प्रधानाङ्गको रिट (नि.नं. ९७४५) र पेम्बा गुरुङको रिट (नि.नं. १०२१९) मा भएको आदेशसमेतलाई दृष्टिगत गरी कैदमा रहेका जेष्ठ नागरिकलाई तत्काल कैद छुट दिने निर्णयका लागि गृह मन्त्रालयलाई लेखी पठाउने । साथै, जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ र सर्वोच्च अदालतबाट नरध्वज गुरुङको रिटमा भएको व्याख्यालाई समेत दृष्टिगत गरी कैद छुट नियमावली, २०७६ मा आवश्यक परिमार्जन गर्न गृह मन्त्रालयमा लेखी पठाउने ।